# वैदेशिक रोजगार न्यायाधिकरण

प्रशासन शाखा

बबरमहल, काठमाडौं

मितिः-२०७९/०४/०२

प.स. ०७९/०८०

च.न. १६

## सूचना । सूचना ।। सूचना ।।।

विषयः-**सरकारी साक्षीलाई दैनिक भ्रमण खर्च सम्वन्धमा ।**

प्रस्तुत विषयमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ११३ अनुसार अनुसूचि १ र २ अन्तर्गत कसुर सम्वन्धी मुद्दामा नेपाल सरकारको तर्फबाट अदालतमा वकपत्र गर्न आउने साक्षीले दैनिक तथा भ्रमणभत्ता सम्बन्धीत प्रहरी कार्यालयवाट उपलब्ध हुने व्यवस्था छ ।

वैदेशिक रोजगार कसुर मुद्दामा नेपाल सरकार बादी हुने र वैदेशिक रोजगार बिभागबाट अनुसन्धान भै विषेश सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने निर्णय भए पछि यस न्यायाधिकरणमा अभियोग पत्र दायर हुने भएकोले नेपाल सरकारको तर्फबाट यस न्यायाधिकरणमा बकपत्र गर्न आउने बादी नेपाल सरकारका साक्षीलाई हालसम्म दैनिक तथा भ्रमण खर्चको व्यवस्था नभएकोमा अव उप्रान्त यस आर्थिक वर्षदेखि यस न्यायाधिकरणमा सरकारी पक्षको तर्फबाट वकपत्र गर्न आउने साक्षीलाई दैनिक तथा भ्रमण खर्च बैदेशिक रोजगार विभागवाट उपलब्ध हुने व्यवस्था भएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७९/४/२

(आनन्दराज पन्त)

रजिष्ट्रार